नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
स्थानीय प्रशासन/गुनासो/संघ-संस्था शाखा
ललितपुर

फोनः ०१-५५२११६५, ०१-५४५२८४४
०१-५४५५४७५ (प्र.जि.अ.)
०१-५४३५११९ (स.प्र.जि.अ.)
ईमेलः daolalitpur5@gmail.com
वेभसाइटः www.daolalitpur.moha.gov.np

पत्र संख्या :- ०८० /०८१
चलानी नम्बर :-
प्राप्त पत्र संख्या र मिति :-

"व्यावसायिक र सिर्जशील प्रशासन, विकास, समृद्धि र सुशासन"

## राष्ट्रिय परिचयपत्र विवरण दर्ता सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा मिति २०७८ साल माघ ०३ गतेको राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सिंहदरवार, काठमाडौको सूचना बमोजिम सुदुरपश्चिम प्रदेश, कर्णाली प्रदेश र मधेश प्रदेशका सप्तरी र सर्लाही सहित यस जिल्लाका सेवाग्राहीहरुलाई यस कार्यालयवाट राष्ट्रिय परिचयपत्रको विवरण दर्ता (संकलन) गर्ने कार्य भइरहेको, हालै ई.पी.एस.कोरिया शाखाको भाषा परीक्षामा राहदानी वनाउने प्रयोजनको लागि राष्ट्रिय परिचयपत्र नम्बरको आवश्यकता हुने तथ्यलाई मध्यनजर गर्दै मिति २०८० साल मंसिर २२ गतेदेखि अर्को सूचना प्रकाशित नभएसम्मका लागि तपशिल बमोजिमका सक्कलै कागजात सहित कार्यालय खुल्ने दिन बिहान ०७:०० बजेदेखि ०८:०० बजेसम्म दैनिक २०० जनाको वायोम्याट्रिक लिने गरी २०० थान टोकन वितरण गरिने व्यहोरा सबै सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

१. नेपाली नागरिकताको सक्कल प्रमाणपत्र (अनिवार्य),
२. नागरिकताको प्रमाणपत्रमा जन्ममिति नखुलेको हकमा सो खुल्ने सक्कल प्रमाणपत्र,
३. बसाईसराई गरेको हकमा सोको सक्कल प्रमाणपत्र,
४. विवाहितको हकमा नागरिकतामा पति वा पत्नीको नाम उल्लेख नभएमा विवाह दर्ताको प्रमाणपत्र (सक्कल) वा नाता प्रमाणित एवम् नाता खुल्ने प्रमाण,
५. राहदानी लिएकाको हकमा सम्भव भएसम्म सक्कल राहदानी,
६. सम्बन्ध विच्छेदको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्र (अनिर्वाय)।

मितिः २०८० साल मंसिर २१ गते।

२०८०/०८/२१

अमर दिप सुनुवार
सहायक प्रमुख जिल्ला अधिकारी
सहायक-प्रमुख जिल्ला अधिकारी